कार्यपालिकाको तेतीसौं बैठकका प्रस्तावहरुः

१) रिपोर्टिङ्ग तथा कार्य प्रगति

२) विषयगत समितिका बैठकहरुको निर्णय

३) आय कर ठेक्काका सुधार एवं पुनरावलोकन

४) राजश्व अध्ययन तथा परामर्श

५) शिक्षा समिति लगायत अन्य समितिहरुको पूर्णता

६. स्वास्थ क्षेत्र व्यवस्थापन

७. आगामी निति कार्यक्रम र वजेट

८. विविधः

१) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट उपमहानगरपालिकाको समग्र गतिविधि, प्रशासनिक कार्य तथा योजना सञ्चालन सम्वन्धी विवरण प्रस्तुत भयो ।

२) विभिन्न विषयगत समितिहरुबाट तपसिल बमोजिम भएका सिफारिशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

क) पूर्वाधार विकास समिति

१. सडक बोर्ड नेपालको स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि ३० प्रतिशत सहभागिता जनाउनु पर्नेमा २० प्रतिशत उपमहानगरपालिकाबाट र १० प्रतिशत उपभोक्ता समितिबाट सहभागिता गर्ने निर्णय गरियो ।

२. जीतपुरसिमरा उपमहानगरपालिकामा झोलुङ्गेपुल बहुवर्षिय योजना अन्तर्गत चालु आ.व.२०७५।०७६ मा प्राप्त रु. ९०(नब्बे) लाख बाट आजादघाट सिर्सिया भलुही झोलुङ्गेपुल वडा नं.२३ र चुरेखोला बंगरी नयाँवस्ती झोलुङ्गेपुल वडा नं.२१ र २२ संचालन गर्नु पर्ने भएकोमा चालु आ.व.२०७५।०७६ मा आजादघाट सिर्सिया भलुही झोलुङ्गेपुल वडा नं. २३ सम्पन्न गरी बाँकी रकम चुरे खोला बंगरी नयाँवस्ती झोलुङ्गेपुल वडा नं.२१ र २२ कार्यान्वयन गर्ने र अपुग रकम रु.१,८९,८९,२५१।८४ सम्बन्धित निकायमा माग गर्ने र चालु आ.व.मा संचालन गर्ने योजना झो.पु.क्षेत्रगत कार्यक्रम निर्देशिका २०६६ बमोजिम गर्ने निर्णय गरियो ।

३. आ.व. २०७५।०७६ मा संचालन हुने नगर स्तरिय योजना अन्तर्गत औराहा-फरहदवा– रमौली सडक निर्माणका लागि बिनियोजित रु. ४०(चालीस) लाखबाट बिसौलिया गाउँमा कम्तीमा ७ मीटर सडक ढलान गर्ने निर्णय भएकोमा उक्त कार्य संशोधन गरी औराहादेखि फरहदवा जाने सडक मर्मत गर्ने निर्णय गरियो ।

ख) सामाजिक विकास समिति

१. गरीवी न्युनीकरण तथा सामुदायिक विकास प्रवर्द्धन कोप सञ्चालन कार्यविधि स्वीकृत गरियो । साथै उक्त निर्देशिकाको अधीनमा रही सहुलियत व्याजदरमा ७३ जनालाई सहुलियत कर्जा लगानी गर्ने निर्णय गरियो ।

३) यस जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत आ. व. २०७५।०७६ मा बन्दोबस्ती भएका आयकर ठेक्काहरुका सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ४६ मिति २०७५ माघ १५ गते प्रेषित पत्रको भावना मुताविक समाधानकाका लागि राजश्व परामर्श समितिको बैठक बसी छलफल गर्ने निर्णय गरियो ।

४) यस उपमहानगरपालिकाको आ.व. २०७६।०७७ को बजेट तथा कार्यक्रम (राजस्व अनुमानसमेत) को मस्यौदा बिज्ञ मार्फत तयार गर्न राजश्व परामर्श समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

५) नगरस्तरीय शिक्षा समिति तथा अन्य समितिहरुको पूर्णताको लागि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

६) स्वास्थ्य क्षेत्र व्यवस्थापनका लागि आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

७) आ.व.२०७५।०७६ को नीति तथा कार्यक्रम र बजेटका लागि विषय विशेषज्ञ व्यक्ति वा संस्थामार्फत अघि बढाउन राजस्व परामर्श समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

Scanned by CamScanner

ङ) विविध:

क) आ.व. २०७४।०७५ मा गीतपुरसिमरा उपमहानगरपालिकाका वडा नं. ७ मा वडास्तरीय योजना अन्तर्गत महेन्द्र सोनार लक्ष्मी सोनारको घरसम्मको पक्की नाला निर्माण शिर्षकमा बिनियोजित रकम रु. ५ (पांच) लाख आ.व. २०७५।०७६ को नगरसभाको वडास्तरीय म्याद थपभा वडा नं. ७ को जम्सिरीको घरदेखि कपिलदेवको घरसम्म बाटो ढलान शिर्षकमा बिनियोजित रकम रु.५ (पांच) लाखबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख) खेलकुद सञ्चालित ग्रासरुट फुटबल कार्यक्रम आयोजनाका लागि खेलकुद शिर्षकबाट रु. १ (एक) लाख भुक्तानी गर्ने निर्णय गरियो ।

ग) २४ घण्टे बर्थिङ्ग सेन्टर सञ्चालनका लागि सेवा करारमा अनमी नियुक्त गरिएकोमा गत मंसिर महिनादेखि निजहरुलाई तलब भत्ता भुक्तानी नभएको हुँदा आ.व. २०७५।०७६ मा स्वास्थ्य तर्फको २४ घण्टे बर्थिङ्ग सेन्टर व्यवस्थापन शिर्षकमा बिनियोजित रकममध्येबाट रु.३ (तीन) लाख छुट्याई तलब भुक्तानी दिने निर्णय गरियो ।

घ) चालु आ.व.२०७५।०७६ मा वातावरण तथा विपद् व्यवस्थापन शिर्षकमा बिनियोजित रकमबाट मांगमा आधारित योजना सञ्चालनका लागि वडा नं.१ मा रु. ८ (आठ) लाख र बडा नं. ४ मा रु. ७ (सात) लाख बिनियोजन गर्ने निर्णय गरियो ।

ङ) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ बदाफरदेखि धर्मनगरसम्मको कृषि सडकका लागि वडास्तरबाट रु. २ (दुई) लाख बिनियोजन भएको र नपुग रकम रु. २ (दुई) लाख नगरस्तरीय मर्मत सम्भार कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

च) विभिन्न वडाहरुबाट योजना संसोधनकालागि प्राप्त सिफारिशको आधारमा तपसिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो:

| क्र.सं | साविकको योजना | रकम रु. | संशोधित योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नयाँ बर्थिङ्ग सेन्टर व्यवस्थापन (इन्द्रबसिरा र अमलेखगंज) | ७००,०००।- | खोप केन्द्र निर्माण अमलेखगंज २२ | ३,५०,०००।- | २२ | गत वर्षको अल्या भई आएको |
| २ | (क) शालीमार स्टिल देखि बीच गाउँ हुँदै नारायणी छाला मिल सम्म बाटो तथा नाला निर्माण (नगर स्तरिय अल्या आ.व.२०७४।०७५)<br>(ख) शालीमार स्टिल देखि बीच गाउँ हुँदै नारायणी छाला मिलसम्म बाटो तथा नाला निर्माण (नगरस्तरिय आ.व.२०७५।०७६) | २०,००,०००।-<br>७०,००,०००।- | शालीमार स्टिलदेखि बीच गाउँ हुँदै नारायणी छाला मिलसम्म बाटो तथा नाला निर्माण | ९०,००,०००।- | २३ | नगर स्तरिय |
| ३ | (क) नहरटोल ग्यासुद्धिन मियाको घर देखि दक्षिण जाने बाटो ढलान (वडा स्तरिय अल्या आ.व.२०७४।०७५)<br>(ख) ग्यासुद्धिन अन्सारीको घर देखि जफर मियाको घर सम्म अधुरो बाटो निर्माण (वडास्तरिय आ.व. २०७५।०७६) | १२,००,००।-<br>८,००,०००।- | नहरटोल ग्यासुद्धिन मियाको घर देखि दक्षिण जाने बाटो ढलान | २०,००,०००।- | २४ | वडा स्तरिय |
| ४ | जनता माबिको दक्षिण तर्फ अधुरो नाला निर्माण | ५०००००।- | जनता माबिको दक्षिण तर्फ सडक ढलान | ५०००००।- | १४ | वडा स्तरिय |

Scanned by CamScanner